दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २४७ | बुटवल | २०८३ असोज ०५, सोमबार | नेपाल संवत ११४६ | Monday September 21, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## बुटवलको पर्यटनमा नयाँ प्रडक्ट :
# नुवाकोट–बेलबास प्याराग्लाइडिङ उडान सफल

लुम्बिनी इगल आइ एड्भेन्चर प्रा.लि.ले आइतबार स्याङ्जाको बाबु एडभेन्टर प्याराग्लाइडिङको प्राविधिक सहयोगमा पाल्पाको तिनाउ गाउँपालिका ३ नुवाकोट डाँडाबाट बुटवल १३ बँदेलपोखरी क्षेत्रसम्म सफल परीक्षण उडान गरेको हो ।

**टिआर शर्मा**

*बुटवल*

बुटवलमा प्याराग्लाइडिङ उडानको सफल परीक्षण गरिएको छ । पाल्पाको तिनाउ गाउँपालिका-३ नुवाकोट डाँडाबाट बुटवल उप-महानगरपालिका-१३ बेलबास बँदेलपोखरी जितेश्वरी मावि क्षेत्रसम्म प्याराग्लाइडिङको सफल परीक्षण उडान गरिएको हो ।

लुम्बिनी इगल एअर एडभेन्चर प्रालिले आइतबार स्याङ्जाको बाबु एडभेन्चर प्याराग्लाइडिङको प्राविधिक सहयोगमा नुवाकोट डाँडाबाट बेलबाससम्म परीक्षण उडान गरेको हो । नुवाकोट डाँडाबाट उडान भरेर बुटवल-१३ को बेलबास क्षेत्रमा सुरक्षित अवतरण गरिएको कम्पनीले जनाएको छ । बुटवल क्षेत्रमा पहिलोपटक प्याराग्लाइडिङको परीक्षण उडान सफल भएको लुम्बिनी इगल एअर एडभेन्चर प्रा.लि.का अध्यक्ष डा. किसन थापाले बताए । उनका अनुसार करिब एक दशकअघिदेखि सम्भाव्यता अध्ययन थालिएको योजनाले परीक्षण उडानको चरण पार गरेको हो ।

'करिब एक दशकअघिदेखि यसको सम्भाव्यता अध्ययन गर्दै आएका थियौं । अहिले परीक्षण उडान सफल भएको छ,' थापाले भने-'अब आवश्यक प्रक्रिया पूरा गरेर छिट्टै व्यावसायिक उडान सञ्चालन गर्ने तयारीमा छौं ।' बुटवलमा प्याराग्लाइडिङ सञ्चालन भएपछि यस क्षेत्रको पर्यटनमा नयाँ प्रडक्ट थपिने अपेक्षा गरिएको छ । विशेषगरी लुम्बिनी र आसपासका पर्यटकीय क्षेत्रमा आउने पर्यटकको बसाइ लम्ब्याउन प्याराग्लाइडिङले सहयोग पुग्ने थापाको भनाइ छ ।

उनका अनुसार लुम्बिनी आउने पर्यटकलाई थप आकर्षित गर्न प्याराग्लाइडिङ एउटा नयाँ साहसिक पर्यटन गतिविधि बन्न सक्छ । आकाशबाट बुटवल, तिनाउ क्षेत्र, पहाडी भूभाग तथा आसपासका प्राकृतिक दृश्य अवलोकन गर्न सकिने भएकाले यसले पर्यटन गतिविधि विस्तारमा योगदान पुऱ्याउने अपेक्षा गरिएको थापाले बताए ।

परीक्षण उडानका लागि संघीय पर्यटन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणबाट आवश्यक उडान स्वीकृति लिइएको तथा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलसँग समेत समन्वय गरिएको अध्यक्ष थापाले जानकारी दिए ।

**बुटवलको पर्यटनमा नयाँ प्रडक्ट**

बुटवलमै प्रोजेक्ट बुटवल टुरिजम अभियान चलाइरहेका युवा उद्यमी पुकार थापाको समूहले पनि बुटवलमा प्याराग्लाइडिङ सञ्चालनको तयारी गरिरहेका छन् ।

प्याराग्लाइडिङको परीक्षण उडान बुटवल उपमहानगरपालिका-१३ नम्बर वडा कार्यालयको आयोजनामा गरिएको हो । परीक्षण उडानको व्यवस्थापनमा स्थानीय तहको समेत सहकार्य रहेको वडा सदस्य भ्क( विलाल थापाले बताए । उनका अनुसार प्याराग्लाइडिङको व्यावसायिक सञ्चालनपछि बुटवलको पर्यटन क्षेत्रमा नयाँ गन्तव्य र उत्पादन थपिनेछ ।

'बुटवलमा प्याराग्लाइडिङ चलाउन सकिन्छ भन्ने आजको परीक्षण उडानले पुष्टी गरेको छ, अब व्यवसायिकरुपमा सञ्चालन हुनु यहाँको पर्यटनका लागि नयाँ सुरुवात हो,' थापाले भने-'व्यावसायिक रूपमा सञ्चालनमा आएपछि पर्यटक आकर्षित हुनुका साथै स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरेका छौं ।'


तस्वीर : इन्द्र खत्री ।

प्याराग्लाइडिङ सञ्चालनका लागि करिब डेढ करोड रुपैयाँ लगानी आवश्यक पर्ने प्रारम्भिक सम्भाव्यता अध्ययनले देखाएको छ । यसबाट कम्तीमा १० जनाले प्रत्यक्ष र करिब १०० जनाले अप्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको वडा सदस्य थापाले बताए । यसले प्याराग्लाइडिङ उडानसँग मात्र सीमित नभई होटल, रेस्टुरेण्ट, यातायात, गाइड, फोटो-भिडियो तथा अन्य पर्यटन व्यवसायमा समेत आर्थिक गतिविधि बढाउने अपेक्षा गरिएको छ ।

बुटवल-१३ का सामाजिक अगुवा डिआर घिमिरेले प्याराग्लाइडिङ बुटवलको पर्यटनका लागि बिल्कुलै नयाँ प्रडक्ट हुने बताए । उनका अनुसार बुटवलमा नयाँ साहसिक पर्यटन गतिविधि थपिँदा पर्यटकलाई यहाँ केही समय रोकिने र स्थानीय उत्पादन तथा सेवाको उपभोग गने ʿ वातावरण बन्न सक्छ । 'प्याराग्लाइडिङ बुटवलको पर्यटनका लागि बिल्कुलै नयाँ प्रडक्ट हो,' घिमिरेले भने-'यसले पर्यटक आकर्षित गर्नुका साथै स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने विश्वास छ ।'

बुटवलमा लामो समयदेखि पर्यटनका नयाँ सम्भावना खोजिँदै आए पनि साहसिक पर्यटनका गतिविधि अपेक्षाकृत कम छन् । यस्तो अवस्थामा नुवाकोट-बेलबास प्याराग्लाइडिङले बुटवललाई साहसिक पर्यटनसँग जोड्ने नयाँ आधार तयार गर्ने स्थानीयको अपेक्षा छ ।

प्याराग्लाइडिङ नेपालमा साहसिक पर्यटनको महत्वपूर्ण क्षेत्रका रूपमा विकास हुँदै आएको छ । नेपाल एयरस्पोर्टस् एसोसिएसनका अनुसार नेपालमा १३ वटा नियमन गरिएका प्याराग्लाइडिङ साइट छन् । पोखरा प्याराग्लाइडिङको प्रमुख केन्द्रका रूपमा रहेको छ । त्यसबाहेक धरान, बन्दीपुर, पाल्पा, सुर्खेतलगायतका क्षेत्रमा पनि प्याराग्लाइडिङ गतिविधि विस्तार भएका छन् ।

नेपालमा हाल करिब ६० वटा प्याराग्लाइडिङ कम्पनी, १३ वटा उडान क्षेत्र र ५ वटा प्याराग्लाइडिङ स्कुल सञ्चालनमा रहेको तथ्यांक छ । त्यस्तै नेपालमा करिब ४०० प्याराग्लाइडिङ पाइलट रहेको र तीमध्ये करिब २४० जना सक्रिय रहेको तथ्यांकले देखाउँछ ।

बुटवलमा प्याराग्लाइडिङ सञ्चालनमा आएमा यसले लुम्बिनी प्रदेशको साहसिक पर्यटनको दायरा पनि विस्तार गर्नेछ । लुम्बिनी भ्रमणमा आउने पर्यटकलाई बुटवल-पाल्पा क्षेत्रको प्राकृतिक तथा साहसिक पर्यटनसँग जोड्न सकेमा यस क्षेत्रको पर्यटन व्यवसायमा थप गतिविधि बढ्ने अपेक्षा गरिएको छ ।

नुवाकोट डाँडाबाट बेलबाससम्मको परीक्षण उडान सफल भएसँगै अब नियमित व्यावसायिक उडानका लागि आवश्यक प्राविधिक, सुरक्षा र प्रशासनिक प्रक्रिया अघि बढाउने तयारी गरिएको छ । व्यावसायिक उडान सुरु भएपछि बुटवलको पर्यटन नक्सामा प्याराग्लाइडिङसमेत नयाँ आकर्षणका रूपमा थपिनेछ ।

## जीप दुर्घटना हुँदा एक जनाको मृत्यु पाँच जना घाइते

पाल्पा । सिद्धार्थ राजमार्गअन्तरगत पाल्पाको तानसेन नगरपालिका-८ भालेबासमा आइतबार जीप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । घाइते भई उपचारको क्रममा पूर्वखोला गाउँपालिका-४ की ६३ वर्षीया अनसरा खाम्चाको लुम्बिनी मेडिकल कलेज प्रभास तानसेनमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

बुटवलबाट तानसेनतर्फ आउँदै गरेको भे १ ज ९७६ नम्बरको फोर्स गाडी सिद्धार्थ राजमार्गअन्तर्गत भालेबासमा आइतबार दिउँसो करिब ३:३० बजे अनियन्त्रित भई सडकबाट करिब २० मिटर तल खोलामा खसेर दुर्घटना भएको हो । दुर्घटनामा गाडी चालक पूर्वखोला गाउँपालिका-१ का २९ वर्षीय नरबहादुर राना, सोही स्थानका ५० वर्षीय कृष्णबहादुर राज मगर, पूर्वखोला-४ घर भई हाल तानसेन-४ भगवती टोलमा बस्दै आएकी २८ वर्षीया मनकुमारी सारू, उनकी ७ वर्षीया छोरी साहिरस सारू, सोही स्थानकै ५ वर्षीया सायरा खाम्चा घाइते भएका छन् ।

घाइते सबैलाई उपचारका लागि लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी भीमलाल भट्टराईले जानकारी दिए । दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## विश्लेषक दाहाललाई तत्काल रिहा गर्न माग



बुटवल । विश्लेषक भरत दाहाललाई तत्काल रिहा गर्न नेकपा मालेले माग गरेको छ । नेकपा मालेका महासचिव सीपी मैनालीले आइतबार एक विज्ञप्ति जारी गर्दै राजनीतिक विचारमाथिको दमन बन्द गर्न र विश्लेषक दाहाललाई तकाल रिहा गर्न माग गरेका छन् ।

विज्ञप्तिमा कुनै पनि नागरिकले राज्य, सरकार, सत्ता र शासन व्यवस्थाका कमजोरीमाथि प्रश्न उठाउनु, आलोचना गर्नु र आफ्नो राजनीतिक दृष्टिकोण सार्वजनिक गर्नु लोकतान्त्रिक अधिकार रहेको उल्लेख छ ।

'विचारसँग असहमत हुँदैमा पक्राउ गर्ने, आवाज दबाउने र राज्यशक्तिको दुरुपयोग गरेर असहमत विचारमाथि नियन्त्रण गर्ने प्रवृत्ति लोकतान्त्रिक संस्कारसँग मेल नखाने निरंकुश र अधिनायकवादी प्रवृत्ति हो ।'- विज्ञप्तिमा भनिएको छ । साइबर ब्युरोमा परेको उजुरीका आधारमा पक्राउ गरिएको भर्(नएपनि आरोप, पक्राउको आधार र अनुसन्धानको विषयमा स्पष्ट जानकारी सार्वजनिक ननगरिनुबाट विचार र अभिव्यक्तिकै कारण पक्राउ गरिएको भन्न सकिने मालेले भनेको छ ।

'दाहालमाथि कुनै कसुरको स्पष्ट प्रमाण छ भने त्यसलाई सार्वजनिक गरियोस् र निष्पक्ष कानुनी प्रक्रियाबाट छानबिन गरियोस्,' विज्ञप्तिमा भनिएको छ-'आरोप स्पष्ट नगरी, राजनीतिक अभिव्यक्तिलाई आधार बनाएर पक्राउ र धरपकड गर्ने कार्यको घोर निन्दा र भत्सर्ना गर्दछ ।'

## साढे १२ अर्बको ग्लाड परियोजना :
# लुम्बिनीमा सकियो तीन दिने अन्तर्राष्ट्रिय सम्मेलन




बुटवल । बुद्ध जन्मस्थल लुम्बिनी र बुद्धसँग सम्बन्धित क्षेत्रहरुलाई समेटेको बृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजना (ग्लाड) सम्बन्धी लुम्बिनीमा तीन दिने अन्तर्राष्ट्रिय सम्मेलन सकिएकोछ ।

करिब साढे १२ अर्ब बराबरको बजेटमा बुद्धको जीवनीसँग जोडिएका कपिलवस्तु (तिलौराकोट), रूपन्देही (देवदह) र पश्चिम नवलपरासी (रामग्राम) लाई समेटेर एकीकृत सांस्कृतिक पर्यटन हबको रूपमा विकास गर्ने लक्ष्य राखेको बृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजनाकाबारे लुम्बिनीमा पहिलोपटक अन्तर्राष्ट्रिय सम्मेलन भएको हो ।

बुद्ध जन्मस्थल लुम्बिनीलाई कपिलवस्तुको तिलौराकोट, मावली क्षेत्र देवदह र बुद्धको अस्तुधातु रहेको एकमात्र ठाउं रामग्रामसँग जोडेर एकीकृत सांस्कृतिक तथा पर्यटन हबका रूपमा विकास गर्ने बृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजना कार्यान्वयनको चरणमा प्रवेश गरेको छ ।

बृहत्तर लुम्बिनी क्षेत्रको सम्पदा संरक्षण, आगन्तुक व्यवस्थापन, पर्यटन पूर्वाधार तथा सेवा सुदृढीकरण र स्थानीय आर्थिक विकासमा केन्द्रित सम्मेलन असोज ४ गतेसम्म चलेको हो । सम्मेलनमा उच्च पदस्थ सरकारी अधिकारी, बौद्ध धर्मगुरु तथा समुदाय, सम्पदाविद्, पर्यटनविद्, विकास साझेदार र स्था(नीय प्रतिनिधिसहित १५० भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्व सहभागी रहेका लुम्बिनी विकास कोषका निमित्त सदस्य सचिव ज्ञानिन राईले जानकारी दिए ।

सम्मेलनमा चार प्रमुख विषयका रुपमा सम्पदा संरक्षण, आगन्तुक व्यवस्थापन, पर्यटन पूर्वाधार तथा सेवा र समावेशी स्थानीय आर्थिक विकासलाई लिइएको र यसैमा आधारित रहेर छलफल भएको छ ।

निमित्त सदस्य सचिव राईले अन्तर्राष्ट्रिय अनुभव र विज्ञका सुझावलाई बृहत्तर लुम्बिनी क्षेत्रको दीर्घकालीन संरक्षण तथा दिगो व्यवस्थापनका व्यवहारिक योजनामा रूपान्तरण गर्नु सम्मेलनको प्रमुख उद्देश्य रहेको बताए ।

विश्व बैंकले १३ मार्च २०२६ मा बृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजनाका लागि ८५ मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकृत गरेको थियो । परियोजनाको बजेटमध्ये १५ मिलियन डलर गन्तव्य योजना, स्थानीय आर्थिक विकास तथा निजी क्षेत्रको सहभागिताका लागि, ६६ मिलियन डलर पर्यटन पूर्वाधार सुधारका लागि र ४ मिलियन डलर परियोजना व्यवस्थापन तथा समन्वयका लागि छुट्याइएको छ । सरकारले यसलाई स्वीकार गर्दै चालु आव २०८३/८४ को बजेटमा समेत समावेश गरिसकेको छ ।

परियोजनाले लुम्बिनी, तिलौराकोट, देवदह र रामग्रामलाई जोडेर पर्यटन पूर्वाधार तथा सेवाको सुधार, गन्तव्य व्यवस्थापन र संस्थागत समन्वय सुदृढीकरण, निजी लगानी आकर्षण तथा स्थानीय समुदायका लागि रोजगारी र आर्थिक अवसर विस्तार गर्ने लक्ष्य राखेको छ । सडक, सरसफाइ तथा ढल व्यवस्थापन, विद्युतीकरण, आगन्तुक सुविधा र ध्यान केन्द्रलगायतका पूर्वाधारमा समेत लगानी गरिनेछ ।

परियोजना पूर्वाधार विकास मन्त्रालयको नेतृत्वमा सहरी विकास तथा भवन निर्माण विभाग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पुरातत्व विभागको सहकार्यमा कार्यान्वयन हुनेछ । लुम्बिनी विकास कोष, नेपाल पर्यटन बोर्ड, यहाँका लुम्बिनी सांस्कृतिक नगरपालिका, देवदह नगरपालिका, कपिवलस्तु नगरपालिका, सैनामैना नगरपालिका, रामग्राम नगरपालिकासहित विभिन्न सम्बन्धित स्थानीय तह, युनेस्को र अन्तर्राष्ट्रिय सम्पदा साझेदारसँग पनि सहकार्य गरिने भएको छ ।

» बाँकी ३ पेजमा

गाउँवासीहरूमा हार्दिक अनुरोध
- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- गाउँपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।

राजन पाण्डे
प्रमुख प्रशासकीय अधिकृत
राम प्रसाद पाण्डेय
अध्यक्ष
छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# क्षति न्यूनीकरणका लागि पहलकदमी आवश्यक

जल तथा मौसम विज्ञान विभागले असोज ८ गतेदेखि १२ गतेसम्म भारी वर्षा हुनसक्ने प्रक्षेपण सार्वजनिक गरेको छ। विभागले मौसम पूर्वानुमानका विभिन्न मोडलहरू अध्ययन पश्चात पूर्वी नेपालदेखि सुदूरपश्चिमसम्मै आगामी बिहीबारदेखि सोमबारसम्म भारी वर्षा हुने प्रक्षेपण गरेकाले सर्तकता आवश्यक छ।

बंगालको खाडीमा न्यूनचापीय प्रणाली बनिरहेको र त्यो नेपालसम्म आइपुगेर भारी वर्षा गराउन सक्ने मौसम पूर्वानुमानका विभिन्न मोडलहरूले देखाएको र तीमध्ये आगामी शुक्रबार ९ गते र शनिबार १० गते ठूलो पानी पर्ने बताइएको छ।

विभिन्न मोडलहरुको विश्लेषण गर्दै विभागले क्षति न्यूनीकरणको लागि सर्तकताका लागि सचेत गराएको छ। अमेरिकन मोडलले बिहीबारदेखि सोमबारसम्म धेरै लामो समयसम्म पानी पर्न सक्ने देखाएको छायुरोपेली मोडलले भने पश्चिम नेपालमा भारी वर्षाको सम्भावना प्रबल देखाएको छ। बागमती, मधेशबाट सुरु भएर पश्चिम नेपालमा धेरै वर्षा हुने र धेरैवटा मोडलले ५०० मिलिमिटरसम्म वर्षा हुने सम्भावना देखाएको छ। यो भनेको भारी वर्षा हो। मनसुनको उत्तरार्द्धमा भारी वर्षा हुँदा जोखिम बढी हुन्छ। पहिल्यै भिजेको जमिनमा लामो समय वर्षा हुँदा त्यसले बाढी पहिरो निम्त्याउँछ। अर्को जोखिम प्रणाली सुस्त गतिमा अगाडि बढ्यो भने पनि लामो समयसम्म पानी पर्दा पनि बाढी पहिरो निम्त्याउन सक्ने विज्ञहरुको भनाइ छ।

यो बेला बाली भित्र्याउने बेला पनि हो। तराईका कतिपय क्षेत्रमा धान काट्ने गरिन्छ। पाकेको धान काट्न किसानलाई हतारो हुन्छ। २०७८ कार्तिक पहिलो साता भएको भिषण वर्षाले कृषि क्षेत्रमा ठूलो नोक्सानी भएको थियो। त्यो वर्षाले लुम्बिनी प्रदेशमा मात्रै ८ अर्बको कृषि जन्य उत्पादन क्षति भएको थियो। सबैभन्दा बढी भित्र्याउन तयार भएको धानमा क्षति पुगेको थियो। अहिले ठ्याक्कै त्यही अवस्था आएको छ। मौसमको पूर्वानुमानलाई ख्याल गरेर खेतीपाती लगाउने र भित्र्याउने बानी विकास गर्न आवश्यक छ। अहिले पनि भारी वर्षा लुम्बिनी प्रदेशमा हुने प्रक्षेपण गरिएकाले यहाँ पूर्वतयारी र सर्तकता आवश्यक छ। विपद्‌विरुद्ध पूर्व तयारी, विपद्‌पछिको उद्धार र राहतका लागि तयारी गर्दा क्षति न्यूनीकरण गर्न सकिन्छ। हामीकहाँ विपद्‌को पूर्व तयारी अझै पर्याप्त छैन। स्रोत साधन र प्रविधिको प्रयोग धेरै गर्नुपर्नेछ, तर स्रोत, साधन र प्रविधिको प्रयोग न्यून हुँदा क्षति धेरै हुँदै आएको छ। संघीय शासन प्रणालीमा तहगत सरकारबिच समन्वय र सहकार्य हुँदा विपद्‌विरुद्ध जुध्न सहज हुन्छ।

# इरानसँगको युद्धमा अमेरिकाको ४५ अर्ब डलर खर्च



बुटवल। अमेरिकाले इरानसँगको युद्धमा हालसम्म ४५.१ अर्ब डलर खर्च गरेको छ। पेन्टागनले संसदलाई दिएको जानकारी अनुसार सेप्टेम्बर ३ सम्ममा ४३.६ अर्ब डलर भएको हो।

त्यसका अलावा १.५ अर्ब डलर इन्धनमा खर्च भएको रक्षा मन्त्रालयले अमेरिकी संसदलाई जानकारी दिएको हो।

तथापि, युद्धको समग्र खर्च भने होइन। सीएनएनका अनुसार युद्धमा ध्वस्त भएका अखडा र भवनहरूको मर्मत खर्चमा यसमा समावेश छैन। त्यस्तै, सैन्य कारबाहीमा हुने अप्रत्यक्ष खर्च पनि यसमा समेटिएको छैन।

सांसदहरूले भने ती सबै खर्चको विवरण मागेका थिए। तर, रक्षा मन्त्रालयले सोलोडोलो रकमको जानकारी मात्र दिएको हो।

यो रकम पनि संसदको बजेटमा अनुमान गरिएको ३८ अर्ब डलर युद्ध खर्चभन्दा ज्यादा हो। संसदले अगस्टपछि प्रतिमहिना २ देखि ३ अर्ब डलर खर्च भइरहने र लडाइँ बढेको बेला खर्च पनि बढ्ने अनुमान गरे थियो।

युद्धका कारण अमेरिकामा मुद्रास्फिति पनि बढ्ने अनुमान गरिएको छ। एजेन्सी

# मानव बेचबिखनको बदलिँदो स्वरूपः परम्परागत बाटो, डिजिटल जालो



डा. विष्णु सापकोटा



मानव बेचबिखन मानव सभ्यतामाथिको गम्भीर चुनौती, मानव अधिकारको उल्लङ्घन र मानव गरिमामाथिको आक्रमण हो। मानिसलाई उसको इच्छा र स्वतन्त्रताविपरीत नियन्त्रणमा राख्ने, प्रलोभनमा पार्ने, ओसारपसार गर्ने तथा विभिन्न प्रकारका शोषणमा लगाउने कार्य मानव बेचबिखनसँग सम्बन्धित गम्भीर अपराधका रूपमा बुझिन्छ। २१औँ शताब्दीमा विश्वले विज्ञान, सूचना प्रविधि र सञ्चारका क्षेत्रमा अभूतपूर्व विकास गरिरहेको भए पनि मानव बेचबिखन अझै विश्वव्यापी चुनौतीका रूपमा कायम छ।

नेपालमा पनि मानव बेचबिखनको स्वरूप समयसँगै परिवर्तन हुँदै गएको छ। कुनै समय महिला तथा बालबालिकालाई सीमापार लैजाने, यौन शोषण वा घरेलु श्रममा लगाउने विषयसँग मुख्य रूपमा जोडेर हेर्ने गरिएको मानव बेचबिखन आज धेरै जटिल र बहुआयामिक बनेको छ। परम्परागत रूपमा दलाल र बिचौलियाको प्रत्यक्ष सम्पर्कमा आधारित रहेको यो अपराध अहिले डिजिटल प्रविधि, सामाजिक सञ्जाल, अनलाइन रोजगारीका विज्ञापन, मेसेजिङ एप तथा अन्तर्राष्ट्रिय संगठित आपराधिक सञ्जालसँग जोडिँदै गएको छ।

राष्ट्रिय मानव बेचबिखनविरुद्ध काम गरिरहँदा हामीले मानव बेचबिखनलाई पुरानै दृष्टिकोणबाट मात्र बुझेर पुग्दैन। बदलिँदो समय, प्रविधि, वैदेशिक रोजगारीको बढ्दो आकर्षण, आर्थिक असुरक्षा, जलवायु परिवर्तन र प्राकृतिक विपद्‌ले सिर्जना गरेका नयाँ जोखिमलाई पनि गम्भीर रूपमा बुझ्न आवश्यक छ।

**मानव बेचबिखनको बदलिँदो स्वरूप**

मानव बेचबिखनलाई केवल एक भौगोलिक स्थानबाट अर्को स्थानमा मानिसलाई लैजाने कार्यका रूपमा मात्र बुझ्नु पर्याप्त हुँदैन। यो मानिसको आर्थिक, सामाजिक, पारिवारिक तथा व्यक्तिगत कमजोरीको फाइदा उठाउँदै उसलाई नियन्त्रण र शोषणमा पार्ने जटिल प्रक्रिया हो। नेपालमा गरिबी, बेरोजगारी, आर्थिक असमानता, सीमित रोजगारीका अवसर, पारिवारिक जिम्मेवारी र असुरक्षित बसाइँसराइले धेरै मानिसलाई जोखिमपूर्ण अवस्थामा पुऱ्याउन सक्छ। विशेषगरी रोजगारीको खोजीमा रहेका युवा तथा वैदेशिक रोजगारीमा जाने सपना बोकेका व्यक्तिहरू विभिन्न प्रकारका ठगी, श्रम शोषण र मानव बेचबिखनको जोखिममा पर्न सक्छन्।

पहिले मानव बेचबिखनमा प्रत्यक्ष भेटघाट गर्ने दलाल र बिचौलियाको भूमिका प्रमुख हुने गर्थ्यो। गाउँघरमा पुगेर रोजगारीको प्रलोभन दिने, राम्रो आम्दानीको आश्वासन दिने वा विभिन्न सम्बन्धका माध्यमबाट विश्वासमा पार्ने कार्य सामान्य थियो। तर आज प्रविधिको विस्तारसँगै अपराधीहरूको कार्यशैली पनि परिवर्तन भएको छ।

फेसबुक, टिकटक, ह्वाट्सएप, इन्स्टाग्राम, अनलाइन रोजगार प्लेटफर्म र अन्य डिजिटल सञ्चार माध्यम मानिससम्म पुग्ने नयाँ माध्यम बन्न सक्छन्। यसले मानव बेचबिखन नियन्त्रणको चुनौतीलाई थप जटिल बनाएको छ।

**डिजिटल मानव बेचबिखनको बढ्दो चुनौती**

डिजिटल प्रविधिले हाम्रो जीवनलाई सहज बनाएको छ। सञ्चार, शिक्षा, रोजगारी र व्यवसायका क्षेत्रमा प्रविधिको भूमिका अत्यन्त महत्वपूर्ण छ। तर यही प्रविधिको दुरुपयोग गरेर मानिसलाई ठगी र शोषणको जालमा पार्ने सम्भावना पनि बढेको छ। आज धेरै मानिस रोजगारीको खोजीमा अनलाइन प्लेटफर्म र सामाजिक सञ्जालमा निर्भर छन्। अपराधीहरूले यही अवस्थाको फाइदा उठाउन सक्छन्।

आकर्षक तलब, कम मेहनत, अनुभव आवश्यक नपर्ने, निःशुल्क बसोबास, छिटो विदेश पठाउने सुविधा र राम्रो भविष्यको आश्वासनजस्ता विज्ञापनले बेरोजगार युवालाई सहजै आकर्षित गर्न सक्छन्। कतिपय अवस्थामा नक्कली सामाजिक सञ्जाल, नक्कली कम्पनी वा संस्थाको परिचय, झुटा कर्मचारी परिचयपत्र, नक्कली सम्झौता तथा झुटा प्रशंसापत्र प्रयोग गरेर व्यक्तिलाई विश्वास दिलाउने प्रयास हुन सक्छ। डिजिटल माध्यमको एउटा चुनौती के हो भने अपराधी र सम्भावित पीडितबीच प्रत्यक्ष भेटघाट नहुँदा वास्तविकता पहिचान गर्न कठिन हुन्छ। सामाजिक सञ्जालमा प्रस्तुत गरिएको कम्पनी, व्यक्ति वा रोजगारीको अवसर वास्तविक हो कि होइन भन्ने कुरा धेरैलाई सहजै थाहा नहुन सक्छ। कतिपय अपराधीले लामो समयसम्म अनलाइन कुराकानी गरेर विश्वासको सम्बन्ध निर्माण गर्न सक्छन्। सुरुमा सामान्य रोजगारीको प्रस्तावबाट सम्पर्क सुरु हुन सक्छ र विस्तारै व्यक्ति आर्थिक वा अन्य प्रलोभनमा पर्न सक्छ। यसले डिजिटल माध्यमलाई मानव बेचबिखन र शोषणको सम्भावित प्रवेशद्वार बनाउन सक्छ।

**झुटा रोजगारी र जबरजस्ती श्रमको जोखिम**

नेपालमा वैदेशिक रोजगारी युवाहरूका लागि आयआर्जनको महत्वपूर्ण माध्यम बनेको छ। देशभित्र पर्याप्त रोजगारीका अवसर नहुँदा हजारौँ युवा राम्रो भविष्यको आशामा विदेश जान चाहन्छन्। तर यही सपना र बाध्यतालाई अपराधीहरूले दुरुपयोग गर्न सक्छन्। 'महिनामा धेरै कमाइ', 'अनुभव आवश्यक छैन', 'भिसा कम्पनीले मिलाउँछ', 'छिटो विदेश पठाइन्छ', 'अंग्रेजी जानेको भए पुग्छ' जस्ता विज्ञापन आकर्षक लाग्न सक्छन्। तर विज्ञापन आकर्षक देखिँदैमा त्यो रोजगारी सुरक्षित र कानुनी हुन्छ भन्ने सुनिश्चित हुँदैन।

कतिपय अवस्थामा मानिसलाई रोजगारीको राम्रो अवसरको आश्वासन दिएर विदेश पुऱ्याइएपछि राहदानी वा अन्य कागजात खोस्ने, मोबाइल प्रयोगमा प्रतिबन्ध लगाउने, स्वतन्त्र आवतजावत रोक्ने, आर्थिक दबाब सिर्जना गर्ने, हिंसा वा धम्की दिने र इच्छाविपरीत काममा लगाउने जोखिम हुन सक्छ। यस प्रकारको शोषणले मानव बेचबिखनको परम्परागत बुझाइलाई चुनौती दिएको छ। मानव बेचबिखन केवल यौन शोषणमा सीमित छैन। जबरजस्ती श्रम, श्रम शोषण तथा विभिन्न प्रकारका नियन्त्रण र बाध्यतासँग पनि यसको सम्बन्ध हुन सक्छ।

**अनलाइन अपराधमा संलग्न गराउने नयाँ जोखिम**

हालका वर्षहरूमा झुटा रोजगारीको आश्वासन दिएर मानिसलाई विदेश पुऱ्याउने र त्यसपछि अनलाइन ठगीजस्ता गतिविधिमा जबरजस्ती संलग्न गराउने घटनाहरूले अन्तर्राष्ट्रिय चिन्ता बढाएको छ। विशेषगरी दक्षिणपूर्वी एसियाका केही क्षेत्रमा विभिन्न देशका युवालाई आकर्षक रोजगारीको प्रस्ताव दिएर लैजाने र पछि नियन्त्रणमा राखेर अनलाइन ठगीमा संलग्न हुन बाध्य बनाउने जोखिमबारे चर्चा भइरहेको छ।

यस्तो अवस्थामा एउटा महत्त्वपूर्ण प्रश्न उठ्छ–जबरजस्ती अपराधजन्य गतिविधिमा संलग्न हुन बाध्य बनाइएको व्यक्तिलाई अपराधीका रूपमा मात्र हेर्ने कि सम्भावित मानव बेचबिखन पीडितका रूपमा पनि पहिचान गर्नेरु यदि व्यक्तिको राहदानी खोसिएको छ, उसलाई धम्की दिइएको छ, हिंसा गरिएको छ वा परिवारलाई क्षति पुऱ्याउने धम्की दिएर इच्छाविपरीत काम गर्न बाध्य बनाइएको छ भने त्यस अवस्थालाई अत्यन्त संवेदनशील दृष्टिकोणबाट बुझ्न आवश्यक हुन्छ।

त्यसैले अनुसन्धान, उद्धार र कानुनी प्रक्रियामा पीडितकेन्द्रित दृष्टिकोण अपनाउनु महत्वपूर्ण छ। जबरजस्ती अपराधजन्य गतिविधिमा संलग्न हुन बाध्य बनाइएका व्यक्तिलाई उनीहरूको वास्तविक अवस्था नबुझी तत्काल अपराधीका रूपमा मात्र वर्गीकरण गर्नु उचित नहुन सक्छ।

**वैदेशिक रोजगारी र सुरक्षित आप्रवासन**

नेपालमा मानव बेचबिखनको जोखिमलाई वैदेशिक रोजगारी र श्रम आप्रवासनबाट अलग गरेर हेर्न सकिँदैन। आर्थिक अभाव, बेरोजगारी, पारिवारिक जिम्मेवारी र देशभित्र पर्याप्त अवसरको कमीले धेरै युवालाई विदेश जाने निर्णय गर्न बाध्य बनाएको छ।

सुरक्षित वैदेशिक रोजगारीका लागि सही सूचना अत्यन्त महत्त्वपूर्ण छ। विदेश जाने व्यक्तिले रोजगारदाता कम्पनी, कामको प्रकृति, तलब, श्रम सम्झौता, भिसा तथा कानुनी प्रक्रियाबारे आवश्यक जानकारी लिनुपर्छ। साथी, आफन्त वा चिनजानका व्यक्तिबाट आएको प्रस्ताव भएकै कारण त्यो पूर्णरूपमा सुरक्षित हुन्छ भन्ने मान्यता सधैँ सही नहुन सक्छ। परिचित व्यक्तिको माध्यमबाट आएको अवसरलाई मानिसले सहजै विश्वास गर्न सक्छन्।

त्यसैले सुरक्षित आप्रवासनसम्बन्धी शिक्षा र परामर्शलाई समुदायस्तरसम्म विस्तार गर्न आवश्यक छ। विशेषगरी युवालाई विदेश जानुअघि सही जानकारी, कानुनी प्रक्रिया र सम्भावित जोखिमबारे जानकारी गराउनुपर्छ।

**जलवायु परिवर्तन र मानव बेचबिखनबीचको सम्बन्ध**

हालै नेपालमा भएको जलवायु परिवर्तन र त्यसबाट उत्पन्न रसुवा-भोटेकोशी बाढीले कल्पना गर्नसमेत नसकिने मानवीय तथा भौतिक क्षति पुऱ्याएको छ। यसबाट सिर्जित अवस्थाले बालबालिका तथा ज्येष्ठ नागरिकका लागि आगामी दिन थप कठिन बन्न सक्छ। उद्धार, राहत र पुनःस्थापनाका कार्यक्रम बालबालिका तथा ज्येष्ठ नागरिकमैत्री हुनुपर्ने आवश्यकता देखिएको छ। विपद्‌को असरले बालबालिकामा दीर्घकालीन प्रभाव पर्नुका साथै मानसिक तथा लैङ्गिक जोखिमसमेत बढ्न सक्ने अवस्था देखिएको छ। यसले मानव बेचबिखनको जोखिम झनै भयावह बन्न सक्ने चिन्ता बढाएको छ।

मानव बेचबिखनको बदलिँदो जोखिममा जलवायु परिवर्तन र प्राकृतिक विपद्‌ले पनि अप्रत्यक्ष रूपमा प्रभाव पार्न सक्छ। बाढी, पहिरो, खडेरी, अनियमित वर्षा, कृषि उत्पादनमा आएको गिरावट तथा वातावरणीय असन्तुलनले परिवार र समुदायको जीविकोपार्जनमा गम्भीर प्रभाव पार्न सक्छ। नेपालजस्तो कृषि तथा प्राकृतिक स्रोतमा निर्भर समुदायका लागि जलवायुजन्य प्रभाव विशेष रूपमा चुनौतीपूर्ण हुन सक्छ।

प्राकृतिक विपद्‌ले तत्काल आर्थिक संकट सिर्जना गर्न सक्छ, घरपरिवारको आयस्रोत घटाउन सक्छ र मानिसलाई नयाँ रोजगारी खोज्न बाध्य बनाउन सक्छ। यस्तो अवस्थामा धेरै मानिस गाउँबाट सहर वा विदेशतर्फ जान सक्छन्। तर पर्याप्त जानकारी, स्रोत र कानुनी पहुँचको अभावमा हुने बसाइँसराइ असुरक्षित बन्न सक्छ।

जलवायु परिवर्तनलाई मानव बेचबिखनको प्रत्यक्ष कारणका रूपमा मात्र बुझ्नु उचित हुँदैन। तर यसले गरिबी, बेरोजगारी, विस्थापन, आर्थिक असुरक्षा र असुरक्षित बसाइँसराइजस्ता अवस्थालाई थप जटिल बनाउन सक्छ। यही कारणले मानिसको कमजोर अवस्था बढ्न सक्छ र अपराधीहरूले त्यसको फाइदा उठाउने सम्भावना रहन्छ। विशेषगरी विपद्‌बाट प्रभावित महिला, बालबालिका, आर्थिक रूपमा कमजोर परिवार तथा अन्य जोखिममा रहेका समुदायलाई विशेष संरक्षण आवश्यक हुन्छ।

**नीतिगत तथा कानुनी प्रयास**

नेपालमा मानव बेचबिखन नियन्त्रणका लागि कानुनी तथा नीतिगत व्यवस्था गरिएको छ। मानव बेचबिखनविरुद्धको संघर्ष केवल अपराध नियन्त्रणको विषय मात्र होइन। यो मानव स्वतन्त्रता, गरिमा, समानता र सुरक्षित जीवनसँग जोडिएको गम्भीर मानवअधिकारको प्रश्न हो। रोकथाम, संरक्षण, अनुसन्धान, अभियोजन र पुनःस्थापनाका क्षेत्रमा विभिन्न निकाय तथा सरोकारवालाले काम गरिरहेका छन्।

संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय तथा समुदायको सहभागिता मानव बेचबिखन नियन्त्रणका लागि महत्वपूर्ण छ। सीमा क्षेत्रमा निगरानी बढाउने, जोखिममा रहेका व्यक्तिको पहिचान गर्ने, उद्धार गर्ने तथा सुरक्षित आप्रवासनसम्बन्धी जानकारी उपलब्ध गराउने कार्यले सम्भावित शोषण रोक्न सहयोग गर्न सक्छ। तर बदलिँदो समयसँगै नीति र कार्यान्वयनको स्वरूप पनि परिवर्तन हुन आवश्यक छ। डिजिटल माध्यमबाट हुने प्रलोभन र ठगीलाई नियन्त्रण गर्न साइबर अनुसन्धान, डिजिटल सुरक्षा र प्रविधिसम्बन्धी क्षमता विकास आवश्यक छ।

**उद्धार मात्र पर्याप्त छैन**

मानव बेचबिखनबाट प्रभावित व्यक्तिलाई उद्धार गर्नु अत्यन्त महत्त्वपूर्ण कार्य हो। तर उद्धारपछि उनीहरूलाई सम्मानपूर्वक जीवन पुनर्निर्माण गर्ने अवसर प्रदान गर्नु पनि उत्तिकै आवश्यक छ। पीडित तथा उत्तरजीवीलाई सुरक्षित आवास, स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श, कानुनी सहायता, शिक्षा, सीप विकास, रोजगारी र आयआर्जनका अवसर आवश्यक पर्न सक्छन्।

उद्धारपछि व्यक्तिलाई एक्लै छोड्नु पुनःशोषण र पुनःबेचबिखनको जोखिम बढाउन सक्छ। त्यसैले दीर्घकालीन पुनःस्थापना र सामाजिक पुनःएकीकरणको प्रभावकारी प्रणाली विकास गर्नुपर्छ।

पीडित तथा उत्तरजीवीलाई केवल सहानुभूतिको पात्रका रूपमा होइन, अधिकार र सम्मान भएका व्यक्तिका रूपमा हेर्नुपर्छ। उनीहरूको अनुभव, आवश्यकता र भविष्यप्रतिको चाहनालाई केन्द्रमा राखेर सेवा प्रदान गर्नु आवश्यक छ।

**अबको बाटोः साझा जिम्मेवारी, नयाँ रणनीति**

मानव बेचबिखनविरुद्धको आगामी यात्रा अझ स्पष्ट, सशक्त र परिणाममुखी हुन आवश्यक छ। यसका लागि विद्यालय, परिवार, समुदाय र राज्य सबै तहबाट संयुक्त प्रयास आवश्यक छ। विद्यालयस्तरदेखि नै मानव बेचबिखनको जोखिम, सुरक्षित आप्रवासन, डिजिटल सुरक्षा र आत्मसुरक्षासम्बन्धी शिक्षा विस्तार गर्नुपर्छ।

युवालाई नक्कली रोजगारीका विज्ञापन, अनलाइन ठगी र सामाजिक सञ्जालमार्फत हुन सक्ने जोखिम पहिचान गर्न सक्षम बनाउनुपर्छ। स्थानीय तहलाई मानव बेचबिखन रोकथाम, जोखिम पहिचान र प्रतिकार्यका लागि सक्षम बनाउन आवश्यक छ। जोखिममा रहेका परिवारको पहिचान गरी सामाजिक सुरक्षा, शिक्षा, सीप विकास र दिगो जीविकोपार्जनका अवसर उपलब्ध गराउनुपर्छ।

सरकार, स्थानीय तह, गैरसरकारी संस्था, नागरिक समाज, समुदाय र अन्तर्राष्ट्रिय साझेदारबीचको सहकार्य अझ प्रभावकारी हुनुपर्छ। सीमापार अपराधको स्वरूपलाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय सूचना आदानप्रदान र समन्वय पनि आवश्यक छ।

**निष्कर्ष**

राष्ट्रिय मानव बेचबिखनविरुद्ध दिवस केवल औपचारिक दिवस मनाउने अवसर मात्र होइन। यो मानव बेचबिखनको बदलिँदो स्वरूपलाई बुझ्ने, जोखिममा रहेका मानिसको संरक्षण गर्ने र सामूहिक प्रतिबद्धता व्यक्त गर्ने महत्त्वपूर्ण अवसर हो।

आज मानव बेचबिखन परम्परागत सीमापार ओसारपसार र यौन शोषणको दायरामा मात्र सीमित छैन। डिजिटल प्रविधि, सामाजिक सञ्जाल, झुटा रोजगारीका विज्ञापन, अनलाइन सम्पर्क तथा अन्तर्राष्ट्रिय आपराधिक सञ्जालले यसलाई थप जटिल बनाएका छन्।

त्यसैगरी जलवायु परिवर्तन, प्राकृतिक विपद्, गरिबी, बेरोजगारी र असुरक्षित बसाइँसराइले मानिसलाई थप जोखिमपूर्ण अवस्थामा पुऱ्याउन सक्छ। त्यसैले मानव बेचबिखनविरुद्धको अभियानलाई केवल कानुनी कारबाहीमा सीमित राख्नु पर्याप्त हुँदैन। यसको मूल कारण पहिचान गर्दै रोकथाम, संरक्षण, न्याय, पुनःस्थापना र सामाजिक पुनःएकीकरणलाई समान प्राथमिकता दिनुपर्छ।

हामीले यस्तो समाज निर्माण गर्नुपर्छ, जहाँ कुनै पनि मानिस गरिबी, बेरोजगारी, प्राकृतिक विपद्, बाध्यता, प्रलोभन वा असुरक्षाका कारण आफ्नो स्वतन्त्रता, सम्मान र भविष्य गुमाउन बाध्य नहोस्। मानव बेचबिखनविरुद्धको संघर्ष सरकार वा कुनै एक संस्थाको मात्र जिम्मेवारी होइन, यो परिवार, समुदाय, विद्यालय, नागरिक समाज, सञ्चारमाध्यम, सरकार र अन्तर्राष्ट्रिय समुदाय सबैको साझा जिम्मेवारी हो।

यस राष्ट्रिय मानव बेचबिखनविरुद्ध दिवसमा हामी सबैले एउटा दृढ प्रतिबद्धता गरौँ–मानव बेचबिखनको बदलिँदो स्वरूपलाई बुझौँ, डिजिटल जोखिमप्रति सचेत बनौँ, सुरक्षित आप्रवासनलाई प्रवर्द्धन गरौँ, जलवायु तथा विपद्‌बाट प्रभावित समुदायको संरक्षण गरौँ र पीडित तथा उत्तरजीवीको गरिमा, अधिकार र न्यायलाई केन्द्रमा राखौँ।

राजधानीबाट

# भोटेकोसी विपद्पछि प्रभावित क्षेत्रमा कुन चरणमा हुँदैछ काम ?




काठमाडौँ । भोटेकोसीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र गोरखाका १५ वटा स्थानीय तह र तिनका बासिन्दा प्रभावित भए ।

भदौ १० ल्हेन्दे खोलाको बहाव अचानक बढेसँगै रसुवाको भोटेकोसी र त्रिशुलीमा अप्रत्यासित बाढी आएको थियो । बाढीमा परेर अहिलेसम्म १४ सय ३६ जनाको मृत्यु पुष्टि भएको छ । भोटेकोशी, त्रिशुली र नारायणीको किनारमा भेटिएका १०३ जनाको शव पहिचान भएको छ । बाढीका कारण ६ हजार १४५ जना सम्पर्कविहीन छन् ।

प्रभावित क्षेत्रमा खोज तथा उद्धार, राहत र विस्थापित बस्तीहरू पुनर्स्थापना गर्न विभिन्न चरणमा काम भइरहेको सरकारी अधिकारीहरूले दाबी गरेका छन् । खोज तथा उद्धार अहिले रसुवाको हाकु र मैलुङ क्षेत्रमा निर्माणाधीन अपर त्रिशुली-१ जलविद्युत् आयोजनामा केन्द्रित गरिएको छ ।

लाङटाङ जलविद्युत् आयोजना र चिलिमे हाइड्रोपावरको सुरुङमा खोजी स्थगित गरिएको छ । ती दुवै आयोजनाका प्रमुख कार्यकारी अधिकृतहरूले गरेको ब्रिफिङका आधारमा प्रारम्भिक चरणको खोज तथा उद्धार रोकिएको रसुवाका प्रमुख जिल्ला अधिकारी कमल प्रसाद पाण्डेले बताए । उनले भने, 'लाङटाङ र चिमिलेमा प्रारम्भिक चरणको खोज तथा उद्धार सकिएको छ, आवश्यक परेमा मात्र फेरि खोजको काम गरिन्छ ।'



दुवै आयोजनामा विदेशी प्राविधिकसहितका उद्धारकर्मीहरूले खोजी कार्य गरेका थिए । चिलिमे हाइड्रोपावरको टनेलबाट उद्धारकर्मीहरूले ५ वटा शव र दुई वटा मानव अंग निकालेका थिए । लाङटाङ खोला जलविद्युत् आयोजनाको सुरुङबाट २ जनाको शव निकालिएको छ ।

निर्माणाधीन अपर त्रिशुली-१ जलविद्युत् आयोजनाको सुरुङबाट २४ वटा शव निकालेर नुवाकोटको विदुर नगरपालिका वडा नम्बर-६ स्थित खम्पाक्याम्पमा ल्याइएको छ । खम्पाक्याम्पमा ल्याइएको शव पहिचान गर्ने प्रयास भइरहेको नुवाकोटका एसपी विपिन रेग्मीले रातोपाटीलाई बताए ।

सुरुङमा देखिएका अरू ७ वटा शवहरू निकाल्ने प्रयास भइरहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी उपसचिव शान्ति महतले बताइन् । उनका अनुसार देखिएको शवहरू निकाल्न अझै ३ दिन लाग्छ । हाइड्रोपावरमा ढलान गर्न बुनिएको डण्डीको जालिभित्र अल्झिएर बसेको शव जाली काटेर निकाल्ने काम भइरहेको सैनिक जनसम्पर्क तथा सुचना निर्देशनालयले जनाएको छ ।

सुरक्षाकर्मीहरूले शव निकाल्न ग्रिन्डर, ग्यास कटर र रोटरी रेस्क्युको प्रयोग गरेका छन् । ३३२ जना सम्पर्कविहीन भएको सो आयोजनाको टनेलबाट १ जनाको उद्धार गरिएको थियो । उद्धारकर्मीहरूले भदौ २० मा सुरुङको २२५ मिटर भित्रबाट चिनियाँ नागरिक लुआइतोलाई सकुशल झिकेका थिए । अपर त्रिशुली-१ को सुरुङभित्र अडिट वानबाट अडिट-२ तर्फ जाने बाटोको ७ किलोमिटर दूरीमा सैनिक र विदेशी टनेल विशेषज्ञले खोजीकार्य जारी राखेका हुन् । अडिट वानबाट टु सम्म जाने ७ किलोमिटर पावर हाउसमा जाने बाटो हो । आयोजनामा त्यस्ता द्वार ४ वटा छन् । त्रिशुली-३ ए र त्रिशुली-३ बी मा पनि खोजीकार्य भइरहेको छ ।

भोटेकोसीको बाढी र घरबारविहीन बनाएकाहरूलाई राहत वितरणको काम पनि सँगसँगै भइरहेको अधिकारीहरू बताउँछन् । प्रभावित सबै परिवारका सदस्यहरूलाई समानान्तर रूपमा राहत सामग्री वितरण गरिएको रसुवाका प्रजिअ पाण्डेले बताए । उनले भने-'राहत सामग्री सबैतिर पुगेको छ ।'

तर, प्रभावितहरूले पर्याप्त राहत नपाएको गुनासो गरेका छन् । सडक भएका ठाउँमा मात्रै राहत थुप्रिएको र दुर्गममा राहत नपुगेको गुनासो प्रभावितहरूको छ । प्रभावितको गुनासोबारे रसुवाका प्रजिअ पाण्डे भन्छन्, 'कतिपयले थोरै पायौँ भन्ने गुनासो गरेका छन् तर, राहत अपुग भएको अवस्थाचाहिँ छैन ।'

मित्रराष्ट्रहरूबाट आएको राहत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गोदामघरमा राखिएको छ । गोदाम घरमा केही भाग खाली गर्ने अन्यत्र पनि स्टोर गर्न



लागिएको प्राधिकरणकी उपसचिव महतले बनाइन् । प्रभावित जिल्लाहरूले राहत सामग्री 'पर्याप्त छ' भनेपछि अहिले नपठाइएको महतले जानकारी दिइन् । उनले भने-'सबै स्थानीय निकायबाट अहिले पर्याप्त छ भन्ने जवाफ आएको छ, आवश्यकता अनुसार हामी पठाउँछौँ ।'

**पुनर्स्थापना र पुनर्निर्माणबारे अध्ययन गरिँदै**

बाढीले घरबारविहीन भएकाहरूलाई अस्थायी आवास र स्थायी आवास पुनर्निर्माण गर्न अध्ययन समिति बनाएर काम अघि बढाइएको छ । पुनर्स्थापना र पुनर्निर्माणका लागि जग्गा पहिचान गर्न नापी विभागका महानिर्देशक प्रकाश जोशीको नेतृत्वको समितिले काम गरिरहेको छ ।

तत्काल अस्थायी आवास कहाँ बनाउने र आवास पुनर्निर्माण कहाँ र कसरी गर्ने भन्नेबारे सो समितिले अध्ययनसहित सिफारिस गर्नेछ । समितिले अहिले प्रभावित क्षेत्रमा अस्थायी र स्थायी आवास बनाउन जग्गा पहिचानको काम गरिरहेको छ । प्राधिकरणका एकजना उच्च अधिकृत भन्छन्-'बाढीले ओगटेको क्षेत्रमा भवन बनाउन पाइँदैन, पुनिर्निमाणको काम अध्ययन समितिको रिपोर्टअनुसार हुन्छ ।'

अस्थायी बसोबासका लागी सरकारले दुई वटा विकल्प दिएको छ । मासिक १५ हजार लिएर भाडामा बस्न चाहनेले ६ महिनासम्म रकम पाउँछन् । त्यसमा ४ जना परिवारका सदस्य भएमा १५ हजार र संख्या बढेमा थप दुई हजारको दरले रकम पाउँछन् । प्रभावित स्थानीय तहको वडा कार्यालयले लाभग्राही पहिचान गरेपछि भाडा रकम दिन थालिनेछ ।

प्रभावित परिवारले अस्थायी रूपमा आवास बनाएर बस्न चाहे नापी विभागका महानिर्देशक नेतृत्वको समितिले पहिचान गरेको जग्गामा आवास बनाउन अनुमति दिइनेछ । अस्थायी आवास तयार गर्न दुई किस्तामा ५० हजार रकम दिइने प्राधिकरणकी उपसचिव शान्ति महतले बताइन् । उनले भनिन्, 'हामीसँग कार्यविधि छ, त्यसअनुसार अस्थायी आवास बनाउन ५० हजार उपलब्ध गराउँछौँ ।'

भाडा रकम लिन चाहने र अस्थायी आवास बनाउन चाहने लाभग्राही पहिचान गर्न प्राधिकरणका प्राविधिक सहसचिव महेशचन्द्र न्यौपानेको नेतृत्वमा समिति गठन गरिएको छ । लाभग्राही पहिचानका लागि स्वघोषणा फर्म भर्न वा वडा कार्यालयमा निवेदन दिन सकिन्छ । लाभग्राही पहिचान भएपछि स्थानीय विपद् व्यवस्थापन कोषमार्फत रकम दिइने उपसचिव महतले बताइन् । उनले भनिन्-'लाभग्राहीको बैंक खातामा वा नगद नै रकम उपलब्ध गराउँछौं ।'

विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत मापदण्ड २०८१ अनुसार घर पुनर्निर्माण गर्न हिमाली जिल्लामा प्रतिपरिवार ५ लाख र पहाडी जिल्लामा ४ लाख दिने व्यवस्था छ । सो कार्यविधिअनुसार जग्गा पहिचान गरेपछि पूर्वधार विकास मन्त्रालयले पुनर्निर्माणको नेतृत्व गर्नेछ ।

प्रभावितहरू अहिले रसुवा र नुवाकोटका २४ वटा सेल्टरमा छन् । सेल्टरमा अहिले १६ सय जना मानिसहरू रहेका र तीमध्ये २५ प्रतिशतको स्थायी आवास बनाउन आफ्नै वैकल्पिक जग्गा भएको आलकन गरिएको छ । जग्गा भएकाहरूलाई निजी अवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि २०८१ अनुसार सरकारले स्थायी आवास बनाउन सघाउने छ । घर बनाउन आफ्नै वैकल्पिक जग्गा नभएको हकमा अर्को निर्णय गरेर जग्गा प्राप्तिको व्यवस्था गर्नुपर्ने अधिकारीहरू बताउँछन् । कार्यविधिअनुसार पहिचान भएका मृतकका परिवारले दुई लाख रुपैयाँ पाउँछन् ।

# कानुनी सचेतता तालिम दिन सीडीओ टोलटोलमा

**अनिल नेपाली**
*अर्घाखाँची*



ग्रामीण तथा सीमान्तकृत समुदायका नागरिकलाई घरदैलोमै कानुनी सचेतना र निःशुल्क परामर्श प्रदान गर्न सञ्चालन गरिने मोबाइल क्लिनिक घुम्ती शिविर प्रभावकारी भएको छ ।

हाम्रो साहस परियोजनाको सहयोग तथा दलित चेतना विकास परिषद् अर्घाखाँचीको सहजीकरणमा सञ्चालित कानुनी जागरण तथा परामर्शका लागि मोबाइल क्लिनिक घुम्ती शिविरअन्तर्गत सन्धिखर्क नगरपालिका-२ मा आयोजित कार्यक्रममा शुक्रबार अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले मोबाइल क्लिनिक घुम्ती शिविर प्रभावकारी भएको खुलेर प्रशंसा गरे ।

उनले नागरिकलाई उनीहरूको मौलिक हक, कर्तव्य र अधिकारबारे जानकारी गराउनुका साथै घरेलु हिंसा, महिला हिंसा तथा समाजमा विद्यमान हानिकारक परम्पराविरुद्ध कानुनी उपचारको बाटो देखाउन यस्ता कार्यक्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । अदालत वा कानुनी निकायसम्म पुग्न नसक्ने विपन्न तथा पछाडि पारिएका वर्गका नागरिकलाई प्रत्यक्ष कानुनी सहयोगको मार्ग देखाउन मोबाइल क्लिनिक उपयोगी हुने उनको भनाइ छ ।

कार्यक्रममा जिल्ला प्रहरी प्रमुख, प्रहरी नायब उपरीक्षक (डीएसपी) दिवस जिसीले समाजमा विद्यमान हानिकारक परम्परा, जातीय विभेद, लैङ्गिक विभेद, घरेलु हिंसा, महिला हिंसा, दाइजो प्रथा, बालविवाह, बहुविवाहलगायत सामाजिक विभेदका विषयमा अनुशिक्षण दिएका छन् ।

उनले यस्ता घटनामा उपलब्ध कानुनी व्यवस्था, कानुनी उपचार तथा कारबाहीका प्रक्रियाबारे समेत जानकारी गराएका थिए । गम्भीर प्रकृतिका घटनामा प्रहरी कानुन कार्यान्वयन गर्ने निकायको पहिलो खुट्किलो भएकाले यस्ता विषयमा आफूहरू संवेदनशील र जिम्मेवारीपूर्वक लाग्ने उनले बताए ।

त्यस्तै, जिल्ला सहन्यायाधिवक्ता विष्णुहरि मरासिनीले समाजमा रहेका सामाजिक तथा अन्य प्रकारका विभेदका विषयमा अनुशिक्षण दिएका थिए । उनले यस्ता प्रकृतिका घटनालाई कानुन कार्यान्वयन गर्ने निकायले गम्भीरतापूर्वक हेर्ने बताए ।

धाइचौर बेहोर सामुदायिक वनका अध्यक्ष खिमबहादुर नेपालीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहजकर्ता राधा नेपालीले स्वागत मन्तव्य राखेका थिइन । कार्यक्रमको सहजीकरण पत्रकार अनिल नेपालीले गरेका थिए ।

कार्यक्रममा महिला अगुवा, समाजसेवी, बुद्धिजीवी तथा नागरिक अगुवालगायतको उल्लेखनीय सहभागिता रहेको थियो । दलित चेतना विकास परिषद्ले लामो समयदेखि अर्घाखाँची जिल्लामा सामाजिक विभेद तथा हानिकारक परम्पराविरुद्ध विभिन्न रचनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

# 'ढुवानी ग्राम' बनाउन व्यवसायीको माग

भैरहवा । रुपन्देहीको भैरहवा तथा आसपासको क्षेत्रलाई औद्योगिक र व्यापारिक हबका रूपमा व्यवस्थित, मर्यादित र वातावरणमैत्री बनाउन एकीकृत ढुवानी ग्राम बनाउनु पर्ने सरोकारवालाहरूले जोड दिएका छन् । ढुवानी व्यवसायी संघ लुम्बिनीको प्रथम साधारण सभा तथा अधिवेशन कार्यक्रमका बोल्दै व्यवसायीहरुले ट्रान्सपोर्ट व्यवसायको व्यवस्थित सञ्चालनविना यस क्षेत्रको समग्र व्यापार व्यवसाय प्रवर्धन हुन नसक्ने भन्दै शहरहरू जस्तै भैरहवामा पनि ढुवानीका लागि निश्चित क्षेत्र तोकिनुपर्ने बताएका हुन् ।

सिद्धार्थनगर नगरपालिका र ओमसतिया गाउँपालिका क्षेत्रभित्र मालवाहक सवारी साधनहरूको अव्यवस्थित पार्किङले सडक दुर्घटना बढाउनुका साथै शहरको सौन्दर्यमा गम्भीर असर पुऱ्याएको भन्दै दुवै पालिका क्षेत्रमा पार्किङ् स्थल र सवारी मर्मत केन्द्रसहितको एकीकृत ढुवानी ग्राम निर्माण गर्न जग्गा उपलब्ध गराउन आग्रह गरिएको छ ।

एकीकृत ढुवानी ग्राम बनेमा बजार क्षेत्रको व्यवस्थापन सहज हुने, उद्योगी-व्यवसायीलाई मालसामान ओसारपसार गर्न सुविधा पुग्ने र बेलहिया नाका हुँदै भित्रिने भारतीय मालवाहक सवारी साधनको सडक जाम हटेर आयातित वस्तुको ढुवानीसमेत सरल हुने उनीहरुले बताएका छन् । संस्थाबारे अवगत गराउँदै अध्यक्ष माधवप्रसाद आचार्यले मुलुकको आर्थिक समृद्धि र विकास निर्माणमा ढुवानी क्षेत्रको महत्त्वपूर्ण योगदान रहेकाले यस क्षेत्रका समस्या समाधानका लागि स्थानीय सरकार र सम्बन्धित निकायहरू गम्भीर हुनुपर्नेमा जोड दिनुपर्ने बताए ।

खुद्रा ट्रान्सपोर्ट र फुललोड ट्रान्सपोर्टको व्यावसायिक प्रकृति भिन्न रहेको स्पष्ट पार्दै अध्यक्ष आचार्यले ढुवानी व्यवसायी समिति रुपन्देहीमा खुद्रा ट्रान्सपोर्टको मात्र बाहुल्यता रहेकाले फुललोड ट्रान्सपोर्ट व्यवसायीहरूको हकहितका लागि यो संस्था स्थापना गरिएको बताए ।

उनले संस्था कसैको विरुद्धमा नभई आफ्नै प्रकृतिका व्यवसायीहरू संगठित भई पुराना संस्थाहरूसँग संस्थागत सहकार्य गर्दै अघि बढ्ने नीतिमा रहेको स्पष्ट पारे ।

व्यवसायीहरूले हालको आर्थिक मन्दी, इन्धनमा भएको मूल्यवृद्धि, बैंकको उच्च किस्ता र करका कारण ढुवानी क्षेत्र चरम मारमा परेको गुनासो उनले गरे । बिना फर्म सामान बिक्री गर्ने, चालक तथा सवारी धनीलाई फसाउने र सामान अनलोड नगरी हिनामिना गर्ने जस्ता विकृतिहरू बढेको तर्फ ध्यानाकर्षण गराउँदै सरकारको नीतिअनुसार सवारी र चालकको स्थायी लेखा नम्बरबाट मात्र सामान ढुवानी गराउनेतर्फ सबै व्यवसायी सजग र सचेत हुनुपर्ने उनले बताए ।

कार्यक्रमका प्रमुख अतिथि सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले ढुवानी व्यवसाय देशको विकास र आर्थिक गतिविधिको मेरुदण्ड रहेको उल्लेख गर्दै व्यवसायी तथा चालकहरूको योगदानको उच्च प्रशंसा गरे ।

प्रविधिको तीव्र विकाससँगै ढुवानी व्यवसायीहरूले पनि अनलाइन प्रणाली अपनाएर आफू र आफ्नो व्यवसायलाई स्मार्ट बनाउनुपर्ने उनको भनाइ थियो । भविष्यमा ड्रोन प्रविधिमार्फत् समेत सामान ढुवानी हुनसक्ने सम्भावना रहेकाले नयाँ प्रविधिसँग अनुकूल हुन सुझाव दिँदै मेयर खाँले व्यवसायीहरूको हकहित, संस्थागत स्थायित्व र जग्गा तथा भौतिक पूर्वाधार व्यवस्थापनका लागि नगरपालिका र आफ्नो तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

विशेष अतिथि द्वय ढुवानी व्यवसायी महासंघका अध्यक्ष माधवप्रसाद नेपाल र प्रजातान्त्रिक यातायात व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष अर्जुन रानाभाटले ट्रक व्यवसायीहरूले देशका ७७ वटै जिल्लामा सामान ओसारपसार गरी आपूर्ति व्यवस्था सहज बनाएको बताए । राज्यका कतिपय नीति-नियम र भ्याट सम्बन्धी झन्झटले गर्दा व्यवसायीहरू असहज परिस्थितिबाट गुज्रिरहेको उल्लेख गर्दै यस क्षेत्रलाई सुरक्षित र व्यवस्थित बनाउन पश्चिमाञ्चल यातायात व्यवसायी समिति, मिनी ट्रक व्यवसायी समिति र सम्पूर्ण व्यवसायीहरूबिच बलियो समन्वय र सहकार्य हुनुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा नेपाल ट्रक यातायात व्यवसायी महासंघ लुम्बिनी प्रदेशका संयोजक यमप्रसाद पाण्डे, पश्चिमाञ्चल यातायात व्यवसायी समितिका यमबहादुर जिसी, लुम्बिनी ट्रक यातायात व्यवसायीका निवर्तमान अध्यक्ष एवं संस्थाका सल्लाहकार विष्णु खरेल, ढुवानी व्यवसायी समितिका वरिष्ठ उपाध्यक्ष शंकर लम्साल, सिद्धार्थ उद्योग वाणिज्य संघका महासचिव कृष्ण घिमिरे र भन्सार एजेन्ट संघका अध्यक्ष मधु पन्थीलगायतले बोल्दै तोकिएको भाडादर कडाइका साथ कार्यान्वयन गर्नुपर्ने, विदेशी गाडीबाट हुने ढुवानी नियन्त्रण गर्नुपर्ने र व्यवसायीहरूबीच एकता कायम गरी राज्यबाट पाउने सेवा-सुविधा लिनुपर्ने बताए ।

केही महिना अगाडि गठित तदर्थ समितिलाई पूर्णता दिँदै आयोजित यस प्रथम अधिवेशनको अवसरमा संस्थालाई सहयोग र सहकार्य गर्ने विभिन्न महानुभावहरूलाई सम्मान समेत गरिएको थियो । अधिवेशनबाट तदर्थ समितिका संयोजक माधवप्रसाद आचार्यको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध निर्वाचित गरेको छ । प्रमुख निर्वाचन अधिकृत जगतबहादुर रायमाझीका अनुसार संस्थाको वरिष्ठ उपाध्यक्षमा भेषराज बस्याल, प्रथम उपाध्यक्षमा रामनारायण ठाकुर, द्वितीय उपाध्यक्षमा विशाल रायमाझी, महासचिवमा विनोद कुमार अर्याल, सचिवमा ऋषिबाबु कुँवर र कोषाध्यक्षमा दिपक रेग्मी सर्वसम्मत निर्वाचित भएका छन् ।

त्यसैगरी कार्यसमिति सदस्यहरूमा पूर्ण बहादुर केसी, हरि बहादुर थापा क्षेत्री, दिपक गौतम र जिवन श्रेष्ठ निर्वाचित भएका छन् ।

**लुम्बिनीमा ...**

परियोजनाले लुम्बिनी आउने पर्यटकको बसाई अवधि र औसत खर्च बढाउने, पर्यटनबाट स्थानीय समुदायले प्रत्यक्ष लाभ पाउने वातावरण बनाउने तथा नेपालको पर्यटन क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता सुदृढ गर्ने लक्ष्य लिएको छ । विश्व बैंककाअनुसार बृहत्तर लुम्बिनी क्षेत्रका १० मध्ये आठ बढी गरिबी भएका नगरपालिका लुम्बिनी प्रदेशमा रहेकाले पर्यटनबाट सिर्जित आर्थिक अवसरलाई स्थानीय समुदायसम्म पुऱ्याउनु परियोजनाको महत्वपूर्ण पक्ष रहेको दाबी गरिएको छ ।

युनेस्कोका लागि नेपालका प्रतिनिधि याको दु तोईले लुम्बिनीको अद्वितीय सर्वव्यापी महत्व यहाँको आध्यात्मिक परम्परा र जीवन्त समुदायसँग जोडिएको बताएका छन् । उनका अनुसार विश्व सम्पदा मूल्यको संरक्षणसँगै भावी पुस्ताका लागि लुम्बिनीको आध्यात्मिक तथा सांस्कृतिक धरोहर जोगाउन एकीकृत दृष्टिकोण आवश्यक छ ।

विश्व बैंकका नेपाल, माल्दिभ्स र श्रीलंकाका डिभिजन निर्देशक डेभिड एन. सिसलेनले पनि लुम्बिनीको धार्मिक तथा सांस्कृतिक महत्वलाई ध्यानमा राख्दै यसको दिगो व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय अनुभव र साझेदारी आवश्यक रहेको बताएका छन् ।

यस परियोजनाका लागि स्रोत जुटाउने प्रक्रिया अघि बढाउन पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले विशेष पहल गरेका थिए । विश्व बैंकबाट ऋण सहायता स्वीकृत भएसँगै परियोजना कार्यान्वयनको चरणमा प्रवेश गरेको हो । सम्मेलनले अब बृहत्तर लुम्बिनी क्षेत्रको सम्पदा संरक्षण, पर्यटन विकास र स्थानीय आर्थिक लाभलाई कसरी दीर्घकालीन रूपमा जोड्ने कार्यदिशा सम्मेलनले तय गरेको विकास कोषका निमित्त सदस्य सचिव राईको भनाइ छ । लुम्बिनी सन् १९९७ मा युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भएको सम्पदा स्थल हो । विश्व सम्पदा समितिले सन् २०२६ मा लुम्बिनीको संरक्षणसँग सम्बन्धित विभिन्न विषयमा नेपाललाई थप काम गर्न आग्रह गरेको थियो ।

सम्मेलनको घोषणापत्र भने युनेस्कोले आज सोमबार सार्वजनिक गर्ने राईले बताए ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# प्याब्सन लुम्बिनीका शैक्षिक अगुवालाई एआई प्रशिक्षण



बुटवल । शिक्षा क्षेत्रमा आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् एआईको प्रयोग बढिरहेका बेला निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन प्याब्सन लुम्बिनी प्रदेशले शैक्षिक अगुवाहरूलाई एआईको प्रभावकारीता र सुरक्षित प्रयोगबारे प्रशिक्षण दिएको छ।

आईएनजी इम्प्याक्टको प्राविधिक सहयोगमा रुपन्देहीको तिलोत्तमामा आयोजित प्रशिक्षणमा एआईको प्रयोग, यसको उपयोगिता तथा शिक्षण क्षेत्रमा यसको प्रभावकारी सदुपयोगका विषयमा प्रशिक्षण दिइएको हो।

प्याब्सन केन्द्रसँग भएको सम्झौताअनुसार देशभरका शैक्षिक नेतृत्व तथा शिक्षक-कर्मचारीलाई एआईसम्बन्धी प्रशिक्षण दिने अभियानअन्तर्गत लुम्बिनी प्रदेशमा कार्यक्रम आयोजना गरिएको आईएनजी इम्प्याक्टका संस्थापक अध्यक्ष सुरज बुढाथोकीले बताए।

एआईको सही प्रयोग र यसबाट लिन सकिने फाइदाबारे देशभरका शैक्षिक जनशक्तिलाई जानकारी गराउने उद्देश्यले प्याब्सन केन्द्रसँग सहकार्य गररी कोशी प्रदेशबाट सुरु गरी आइतबार लुम्बिनी प्रदेशमा प्रशिक्षण गरिएको उनले बताए।

प्रशिक्षणको पहिलो चरणमा प्रदेशका शैक्षिक अगुवाहरूलाई एआईको प्रयोग र सम्भावनाबारे जानकारी गराइएको हो।

त्यसपछि प्रदेशका विभिन्न जिल्लामा पुगेर शिक्षक तथा कर्मचारीलाई समेत एआईसम्बन्धी प्रशिक्षण दिने योजना रहेको प्याब्सन लुम्बिनीका अध्यक्ष लालहरि पाण्डेले बताए।

एआईलाई शिक्षण सिकाइमा कसरी उपयोग गर्ने, दैनिक शैक्षिक कामलाई प्रविधिको माध्यमबाट कसरी सहज बनाउने तथा एआईबाट प्राप्त सामग्रीलाई कसरी प्रभावकारी रूपमा प्रयोग गर्ने भन्ने विषयमा प्रशिक्षण केन्द्रित रहेको अध्यक्ष पाण्डेले जनाए।

प्रशिक्षणमा प्याब्सन प्रदेश समितिको सिंगो कार्यसमिति तथा ११ जिल्लाका प्याब्सन जिल्ला समितिका पदाधिकारी गरी करिब सय जनाको सहभागिता रहेको प्याब्सन लुम्बिनीका कोषाध्यक्ष महेश भुर्तेलले जानकारी दिए।

# ब्राह्मण कल्याण परिषद् नेपाल च्याप्टरको अध्यक्षमा शर्मा



अर्घाखाँची। विश्व ब्राह्मण कल्याण परिषद् नेपाल च्याप्टरको अध्यक्षमा अर्घाखाँचीको मालारानी गाउँपालिकामा जन्मिएका तथा हाल काठमाडौंमा बसोबास गर्दै आएका उद्यमी खेम शर्मा निर्वाचित भएका छन्।

सामाजिक तथा व्यावसायिक क्षेत्रमा काम गर्दै आएका शर्मा विश्व ब्राह्मण कल्याण परिषद् नेपाल च्याप्टरको अध्यक्षमा निर्वाचित भएका हुन्। विश्व ब्राह्मण कल्याण परिषद् अन्तर्राष्ट्रिय संगठन हो। परिषद्ले नेपाल च्याप्टरमार्फत् विभिन्न सामाजिक तथा सांस्कृतिक गतिविधि सञ्चालन गर्दै आएको छ।

नवनिर्वाचित अध्यक्ष शर्माले संस्थाको मूल लक्ष्यअनुसार सामाजिक, सांस्कृतिकलगायतका गतिविधिलाई निरन्तरता दिने बताएका छन्। आगामी दिनमा संस्थाको पहिचानलाई थप उच्च बनाउन निरन्तर काम गर्ने उनको भनाइ छ। शर्माले काठमाडौंलगायत ठूला शहरमा विभिन्न क्षेत्रमा लगानी गर्दै आएका छन्। उनले आफ्ना व्यवसायमार्फत युवालाई रोजगारीसमेत प्रदान गर्दै आएका छन्।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/
अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


# प्रधानमन्त्री र परराष्ट्रमन्त्रीलाई संयुक्त राष्ट्रसंघ महासभाको तयारी गर्न रास्वपाको निर्देशन



बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को सचिवालय बैठकले प्रधानमन्त्री बालेन्द्र शाह र परराष्ट्रमन्त्री शिशिर खनाललाई संयुक्त राष्ट्रसंघको महासभाको तयारी गर्न नीतिगत निर्देशन दिएको छ।

प्रवक्ता जगदीश खरेलद्वारा सार्वजनिक आइतबार बसेको पार्टीको सचिवालय बैठकका निर्णयमा उक्त विषय उल्लेख छ। उक्त विषय बैठकका सात निर्णयमध्ये दोस्रो नम्बर बुँदामा 'संयुक्त राष्ट्रसङ्घीय महासभामा नेपालको सहभागिता सम्बन्धमा' दिएर राखिएको छ।

'संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी हुन जान लाग्नुभएका सम्माननीय प्रधानमन्त्री, परराष्ट्र मन्त्रीलगायतको कार्यदललाई नेपालको भोटेकोसी विपदसँग जोडिएका बहुआयामिक पक्षहरू, बदलिँदो राजनीतिक परिस्थिति, समृद्धि, अन्तर्राष्ट्रिय सम्बन्ध र विश्वमञ्चमा नेपालको भूमिकाका विषयमा सम्बोधन केन्द्रित गर्नेगरी तयारी गर्न नीतिगत निर्देशन दिइएको छ।'-निर्णयमा उल्लेख छ।


गाउँवासीहरूमा हार्दिक अनुरोध

- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं।
- नगरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं।

लक्ष्मण प्रसाद चालिसे
प्रमुख प्रशासकीय अधिकृत

युवराज खत्री क्षत्री
अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


# बर्दघाट खानेपानी संस्थाको साधारणसभा



परासी। बर्दघाट खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको २६औँ वार्षिक साधारणसभा सम्पन्न भएको छ। पश्चिम नवलपरासीको बर्दघाट नगरपालिकाको वडा नं. ४ मा अवस्थित रहेको संस्थाको २६औँ वार्षिक साधारणसभा सम्पन्न भएको हो।

संस्थाका अध्यक्ष दीपक लम्सालको अध्यक्षता तथा बर्दघाट नगरपालिकाका नगरप्रमुख शम्भुलाल श्रेष्ठको प्रमुख आतिथ्यमा साधारणसभा सभामा बोल्दै नगरप्रमुख श्रेष्ठले बर्दघाट खानेपानीले खानेपानी तथा सरसफाइ दुवै क्षेत्रमा आफ्ना गतिविधि विस्तार गर्दै आएको उल्लेख गर्दै संस्थाले आफ्नो कार्यक्षेत्रभित्रका २२ वटा टोल विकास संस्थामार्फत् खानेपानी तथा सरसफाइको क्षेत्रमा गरेको योगदानको प्रशंसा गरे।

'एक घर एक धारा' सञ्चालन गरिएको अभियानमा नगरभित्र खानेपानी संस्थाले गरेको सहयोगको प्रशंसा गर्दै गरिब तथा विपन्न परिवारका लागि खानेपानी जडानमा ७० प्रतिशतसम्म सहयोग उपलब्ध गराउँदै आएको उनले जनाए। उनले खानेपानी र सरसफाइ मानव जीवनयापनसँग प्रत्यक्ष जोडिएको विषय भएको बताए।

साधारणसभामा संस्थाका अध्यक्ष लम्सालले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए। त्यस्तै उपाध्यक्ष कमल थापाले खानेपानी सुरक्षा योजनाको प्रगति प्रतिवेदन, सचिव शोभाकान्त कोइरालाले सरसफाइ उप-समितिको प्रतिवेदन तथा कोषाध्यक्ष गंगादेवी अधिकारीले कोषाध्यक्षको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रस्तुत भएका सबै प्रतिवेदनहरु सर्वसम्मत पास भएका छन्।

संस्थाले गत आर्थिक वर्ष २०८२।०८३ मा १ करोड ६२ लाख बढी कारोबार गरेको जनाएको छ। २०५५ सालमा स्थापना भएको संस्थाले हाल ४ हजार ३०० निजि तथा संस्थागत उपभोक्तालाई २४ घण्टा पानी उपलब्ध गराउँदै आएको छ।

साधारणसभाले संस्थाको आगामी योजना, खानेपानीको पहुँच विस्तार, सरसफाइ व्यवस्थापन तथा उपभोक्तामैत्री सेवाका विषयमा समेत छलफल गरेको जनाइएको छ।

कार्यक्रममा बर्दघाट नगरपालिकाका नगरउपप्रमुख रुद्रप्रकाश उपाध्याय, पूर्वनगरप्रमुख धिरजशर्मा बश्याल, खानेपानी तथा सरसफाइ कार्यालय प्रमुख दिनेश शाह, संस्थाका पूर्व लेखासंयोजक रविन्द्र विक्रम हमाल, संस्थाका निवर्तमान अध्यक्ष धातानन्द बस्याल, पूर्वअध्यक्ष कमालसिंह थापा, खानेपानी महासंघ नवलपरासीका अध्यक्ष देविदत्त सापकोटा, रास्वपा वडा नं. ४ का अध्यक्ष विक्रम पुरी, नेकपा एमालेका गोविन्द आचार्य, चिसापानी खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष रामप्रसाद सापकोटा, सदस्य रामबहादुर सार्की उपभोक्ताहरुको प्रतिनिधित्व गर्दै दिलकुमारी कँवरले शुभकामना मन्तव्य व्यक्त गरेको संस्थाका व्यवस्थापक विष्णुकुमार भुषालले जानकारी दिए।


गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं।
- गाउँपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं।

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

यदु ज्ञवाली
अध्यक्ष

रूरू गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,घिउबेसी, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल






वार्षिक साधारण सभा तथा अधिवेशन सम्बन्धी सूचना।

प्रकाशित मिति : २०८३ आश्विन ५ गते सोमबार

मणिमुकुन्द सेन उद्यान संरक्षण समिति बुटवल-२, फूलवारी रुपन्देहीको गरिमामय १८औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशन तपशिल बमोजिम आयोजना गरिएकोले संस्थाका आदरणीय संस्थापक, आजीवन तथा साधारण सदस्यज्यूहरुलाई उपस्थिति तथा सहभागिताका लागि हार्दिक अनुरोध गरिन्छ।

तपशिल :
मिति : वि.सं. २०८३ आश्विन ९ गते शुक्रबार
समय : बिहान ८.३० बजे
स्थान : उद्यान परिषर (सेड न. १४)

निर्वाचन कार्य तालिका :
- उम्मेदवारी दर्ता : २०८३ आश्विन ५ गते सोमबार दिनको १ बजे देखि ४ बजेसम्म
- उम्मेदवारहरुको प्रथम नामावली प्रकाशन : २०८३ आश्विन ५ गते सोमबार बेलुका ५ बजे
- प्रारम्भिक उम्मेदवारी माथिको दावी बिरोध : २०८३ आश्विन ६ गते मंगलबार बिहान ११ बजे देखि २ बजेसम्म
- उम्मेदवारहरुको दोश्रो नामावली प्रकाशन : २०८३ आश्विन ६ गते मंगलबार अपरान्ह ३ बजे
- उम्मेदवारले उम्मेदवारी फिर्ता : २०८३ आश्विन ७ गते बुधवार दिउँसो १ बजेदेखि ८ गते बिहीबार अपरान्ह ४ बजेसम्म
- उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन : २०८३ आश्विन ८ गते बिहीबार साँझ ५ बजे
- मतदान : २०८३ आश्विन ९ गते शुक्रबार दिउँसो २ बजे देखि ५ बजेसम्म

मणिमुकुन्द सेन उद्यान संरक्षण समिति
बुटवल -२, फूलवारी रुपन्देही, ०७१-५३४०४१
www.butwalfulbari.com



कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं।
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं।
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं।

नेपाल सरकार विज्ञापन बोर्ड


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com